# Invitation for Bids

## मालारानी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, खनदह, अर्घाखाँची
### सिलवन्दी दरभाउपत्र आह्वान

प्रथम पटक सूचना प्रकाशित मिति २०७९/०८/०७

मालारानी गाउँपालिका, गाउँ कार्यपालिका, खनदह अर्घाखाँची अन्तर्गत तपसिल बमोजिमको औषधि आपूर्ति कार्य खुल्ला दरभाउपत्रद्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त औषधि उत्पादक तथा आपूर्ति कर्ताहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको विद्युतीय दरभाउपत्र आह्वान गरिन्छ ।

१. दरभाउपत्र दस्तुर (फिर्ता नहुने गरी) यस कार्यालयको **मेघा बैंक खनदह शाखामा रहेको आन्तरिक राजश्व हि.नं.३०९००१००००४०९** जम्मा गरेको भौचर सहित आ.व.२०७९/०८० सम्म मान्य भएको फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाण पत्र, व्यावसाय दर्ताको इजाजत पत्र र मू.अ. कर दर्ता भएको प्रमाणपत्र तथा आ.व.२०७८/०७९ सम्मको कर चुक्ता प्रमाणपत्र वा म्याद थप पत्रको प्रमाणित प्रतिलिपिहरु भएका उत्पादक तथा आपूर्ति कर्ताहरुले www.bolpatra.gov.np/egp बाट मिति २०७९/०८/२१ गते १२:०० बजेसम्म पेश गर्नु पर्ने छ । प्राप्त भएका दरभाउपत्रहरु सोही दिन, दिनको १३:०० बजे कार्यालयका प्रतिनिधि एवं दरभाउ पत्रदाता वा प्रतिनिधिहरुको रोहवरमा यसै कार्यालयमा खोलिने छ । दरभाउ पत्रदाता वा निजका प्रतिनधिहरु उपस्थित नभए पनि दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

२. दरभाउपत्र फाराम साथ तपसिलमा उल्लेखित जमानत धरौटी वापतको रकम यस कार्यालयको खनदह स्थित **मेघा बैंक हि.न. ३०९००१००००२८५** खातामा नगद जम्मा गरेको भौचर वा यस कार्यालयको नाममा जारी भएको बैक जमानत ( दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिदेखि ९० (नव्वे) दिनसम्मको म्याद भएको) संलग्न गर्नु पर्ने छ ।

३. सप्लाई हुने औषधि WHO/GMP सर्टिफिकेट प्राप्त कम्पनीहरुबाट उत्पादित भएको हुनुपर्ने छ । र प्रत्येक प्याकेटको वाहिर उत्पादन मिति, म्याद समाप्त हुने मिति र व्याच नं. उल्लेख भएको हुनुपर्नेछ । साथै सप्लाई भएको औषधिको म्यादको सम्बन्धमा उक्त औषधिको Manufacture Date वाट Expiry Date १८ महिना वाँकी हुदा स्टोर दाखिला भएको हुनुपर्नेछ । तर कुनै औषधिको जम्मा Expiry Date १८ महिना भन्दा कम हुने अवस्थामा जम्मा Expiry Date को ७५ प्रतिशत म्याद वाँकी हुदाँ दाखिला गर्न सकिने छ ।

४. दरभाउपत्र फाराम साथ आफुले पेश गर्ने औषधि तथा सर्जिकल सामाग्रीको नमुना अनिवार्य रुपमा पेश गर्नुपर्नेछ,दरभाउपत्र स्वीकृत गर्दा आईटमवाईज स्वीकृत नगरी प्याकेजको रुपमा स्वीकृत गरिनेछ ।

५. यसमा उल्लेखित सर्तहरु यसै बमोजिम र उल्लेख नभएका शर्तहरु प्रचलित कानून बमोजिम हुनेछ । साथै दरभाउपत्र स्वीकृत/अस्वीकृत वा खरिद प्रक्रिया रद्ध गर्ने अधिकार कार्यालयमा निहित रहेन छ ।

६. दरभाउपत्र सम्वन्धी अन्य जानकारी लिनु परेमा कार्यालय समय भित्र **९८५७०२३६२९/९८५७०६१४७२ मा** सम्पर्क गर्न वा **malaraniruralmun@gmail.com/hariji629@gmail.com** मा पठाउन सकिनेछ ।

७. कामको विवरण दरभाउपत्र खरिद दस्तुर, विडवण्ड रकमको विवरण निम्नानुसार रहेको छ ।

**तपसिल**

| ठेक्का नं. | ठेक्काको नाम | दस्तुर रु. | विडवण्ड रकम रु. |
|---|---|---|---|
| SQ/MRM/SW/11/2079/080 | औषधि आपूर्ति कार्य | १०००.०० | ३६,०००।०० |

**सुरेश भुसाल**
**प्रमुख प्रशासकिय अधिकृत**

सुरेश भुसाल
प्रमुख प्रशासकीय अधिकृत